नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

मितिः २०८२/१०/१२

**अनुशासन सम्बन्धी उजुरी उपर सदस्यलाई सजाय गरिएको बारे ।**

*" यस संस्थाका एक पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एक सहकारी संस्थाको लेखापरीक्षण गरेकोमा संस्थाले निजसँग उक्त सहकारी संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण माग गर्दा पेश गर्न नसकेको, पटक पटकको ताकेता पश्चात लेखापरीक्षण प्रतिवेदन तथा वित्तीय विवरण पेश गरेको भएपनि लेखापरीक्षण सम्बन्धी अन्य कुनै पनि कागजात (Audit Documents) पेश गर्न नसकेको हुँदा निजले लेखापरीक्षण कार्य नै नगरी प्रतिवेदन दिएको र लेखापरीक्षणमानको न्युनतम मापदण्ड समेत परिपालना गरेको आधार नदेखिएको, लगायतका"* आरोपहरु उल्लेख भई निज उपर नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३५(२) अनुसार संस्थामा उजुरी दर्ता भएको थियो । सो उजुरी सम्बन्धमा नियमानुसार छानविन प्रक्रिया सम्पन्न गर्दा अनुशासन छानविन अनुसार निजसँग उक्त निकायको लेखापरीक्षण प्रतिवेदन बाहेक अन्य कुनै पनि लेखापरीक्षण सम्बन्धी कागजात (लेखापरीक्षण फाइल) नभएको, निजले सहकारी संस्थाको अधिकारप्राप्त निकायवाट वित्तीय विवरण स्वीकृत भएनभएको यकिन नगरी लेखापरीक्षण प्रतिवेदन जारी गरेको, सो प्रतिवेदन नेपाल लेखापरीक्षणमानमा तोकिएको ढाँचामा नभएको, निजलाई आफुले लेखापरीक्षण गरेको सहकारी संस्थाको बारेमा पर्याप्त जानकारी नभएको, सहकारी संस्थाले प्रवाह गरेको कर्जा र संस्थाले गरेको कर्जा नोक्सानी व्यवस्थाको परीक्षण के कसरी गरियो र कसरी गर्नुपर्ने हो भन्ने बारेमा सामान्य जानकारी समेत नभएको जस्ता कैफियत देखिएकोले निजले लेखापरीक्षणमानको न्युनतम मापदण्ड समेत परिपालना नगरेको देखियो । साथै आरोपित लेखापरीक्षकको नामबाट उल्लेखनिय मात्रामा लेखापरीक्षण कार्य भइरहेको तर निजलाई आफुले गरेको लेखापरीक्षण कार्यको संख्या र निकायको बारेमा कुनै जानकारी नभएको र यसै किसिमले निजलाई लेखापरीक्षण कार्य गर्न छुट दिएमा यस संस्थाको नियामकिय भुमिका र संस्थाका सदस्यहरुबाट हुने लेखापरीक्षणको गुणस्तरको सन्दर्भमा सार्वजनिक रुपमै प्रश्न खडा हुन सक्ने परिस्थिति सिर्जना भएको देखियो । उपरोक्त आधारमा निज आरोपित सदस्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३४ को उपदफा (१), (६), (९) र (१४) तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ६४ को उपनियम (ख) र (ङ) को पालना नगरी लेखापरीक्षण गरेको ठहर गर्दै निजलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १४(५)(ग) बमोजिम **१ वर्षको लागि लेखाव्यवसाय गर्न** रोक लगाउने सजाय दिने निर्णय परिषद्को मिति २०८२ पुष २४ गते बसेको ३६० औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको छ ।

*नोटः*

*यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।*

........................

सिए विमल डंगोल
कार्यकारी निर्देशक

**ICAN Marg, Satdobato, Lalitpur Nepal, Tel: 0977-1-5430832, 5430730, Fax:0977-1-5450774**
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

**Biratnagar: Tel: 977-021-474395, E-mail:icanbrt@ican.org.np**
**Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np**
**Nepalgunj: Tel:977-081-525916, E-mail: icannpj@ican.org.np**
**Butwal: Tel:977-081-543629, E-mail:icanpkr@ican.org.np**
**Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np**
**Dhangadhi: 977-091-527493, E-mail: icandng@ican.org.np**